# धुलिखेल नगरपालिका कार्यालय

## काभ्रेपलाञ्चोक, धुलिखेल

## धुलिखेल नगरपालिकाको बस्तुगत विवरण (Municipality Profile) तयार गर्ने बारेको सुचना

दोश्रो पटक पुन: प्रकाशित मिति: २०७३/०१/२३

यस धुलिखेल नगरपालिकाले आ.व. २०७३/०७४ देखि ०७७/०७८ को लागि धुलिखेल नगरपालिकाको बस्तुगत विवरण (Municipality Profile) तयार गर्ने कार्यका लार्गि ईच्छुक ईजाजतप्राप्त गैरसरकारी संस्था/परामर्शदाता/सेवा प्रदायक संस्थाबाट गराउनु पर्ने भएको हुँदा यो सुचना प्रकाशन भएको मितिले ७ दिनभित्र तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

- ईच्छुक फर्म/संस्थाले प्रचलित कानून बमोजिम दर्ता तथा नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपी, संस्थाको मूल्य अभिबृद्धि कर (vat) मा दर्ता गरिएको प्रमाणपत्रको प्रतिलिपी आ.व. २०७१/०७२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी तथा आफूले काम गरेको अनुभवपत्रहरु सहित नगद रु ३००।- (तिनसय मात्र) तिरी नगरपालिका कार्यालयबाट शिलबन्दी दरभाउपत्र फारम तथा कार्यक्षेत्रगत शर्त (TOR) प्राप्त गर्न सकिनेछ।

- म्याद नाघी प्राप्त हुन आएको, शिलवन्दी नभएको, शर्तशहितको र रित नपुगेको दरभाउपत्रलाई मूल्याकनमा समावेश गरिने छैन ।

- शिलबन्दी दरभाउपत्र दाखिला गर्दा आफुले कबोल गरेको अंकको २.५ प्रतिशत हुने धरौटी रकम राष्ट्रिय बाणिज्य बैकं, धुलिखेल शाखामा रहेको खाता हिसाब नं. ग-३-०२ मा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नुपर्नेछ ।

- नगरपालिका कार्यालयमा शिलबन्दी भै पेश हुन आएका दरभाउपत्रहरु सूचना प्रकाशन भएको मितिले ८ औ दिनको २:०० बजे र सो दिन बिदा परेमा कार्यालय खुलेको दिन फर्म/संस्थाहरुको आधिकारीक प्रतिनिधीहरुको रोहवरमा खोलिने छ। तर प्रतिनिधी अनुपस्थित भएको अवस्थामा समेत प्रस्ताव खोल्न वाधा पर्नेछैन।

- दरभापत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

- यस सुचनामा उल्लेख भए वाहेकका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।

- यस सम्बन्धी थप जानकारीको लागि कार्यालयमा सम्पर्क गर्न सकिनेछ।